नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

## प्रेस विज्ञप्ति

पत्र संख्याः-
च.नं.: -

कोभिड-१९ को रोकथाम, नियन्त्रण तथा उपचारका लागि दैनिक रुपमा सम्पादित कार्यहरुको सन्दर्भमा गृह मन्त्रालयका अनुसार अक्सिजन उत्पादन, आपूर्ति र वितरणलाई प्रभावकारी बनाउन ज्येष्ठ १९ गते १८९ स्थानमा अनुगमन भएको र उक्त अनुगमनका क्रममा देशभरमा १०,६९६ अक्सिजन सिलिण्डर मौज्दात रहेको पाईएको छ। अक्सिजनको वितरण र बिक्रीमा कालोबजारी गर्ने ७ जना उपर कारवाही भएको छ। साथै, विगत २४ घण्टामा निषेधाज्ञा उल्लङ्घन गर्ने २,८७४ सवारीसाधनलाई कारवाही गरिएको छ। ज्येष्ठ १९ गते देशभरका विभिन्न सीमा नाकाहरुबाट २,४१७ नेपाली नागरिकहरुले नेपाल प्रवेश गरेका छन्।

परराष्ट्र मन्त्रालयका अनुसार यु.ए.ई. सरकारले प्रदान गरेको १५० थान भेन्टिलेटर, १५० थान ट्रली, ३,१८,६०० थान मास्क ९,००० थान कभरअल, १५,००० थान गाउन र २०,००० थान गगल्स सहितका स्वास्थ्य सामग्रीहरु चार्टर्ड विमानद्धारा हिजो काठमाण्डौ ल्याइएको र सम्बन्धित निकायमा हस्तान्तरण भइसकेको छ। बेल्जियम सरकारले प्रदान गर्ने १०,००,००० सर्जिकल मास्क र २,००० नासल क्याथेटर मध्ये करिब आधा सामग्री हस्तान्तरण भइसकेको र बाँकी सामग्री आगामी शनिवार आइपुग्ने भएको छ।

अर्थ मन्त्रालयका अनुसार कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचारको लागि १,१०,५२,५९९ थान मेडिकल उपकरणहरु, २९,१४५ एम.टी.क्यू. अक्सिजन, ९९,२०० भायल्स कोभिड-१९ भ्याक्सिन, कोभिड-१९ टेस्ट किट तथा स्यानिटाईजर लगायतका औषधीहरु पैठारी भएको छ। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका अनुसार गत २४ घण्टामा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका साथै पोखरा, सुर्खेत, नेपालगञ्ज र लुक्ला विमानस्थलवाट विभिन्न वायुसेवाले ३० आन्तरिक उडान भरी जम्मा १४९ यात्रुको उद्धार गरिएको र कुल उडानमध्ये मेडिकल उद्धारको उडान संख्या १८ रहेको जनाइएको छ। उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका अनुसार अत्यावश्यक वस्तुको आपूर्ति नियमित भएको, खाद्यान्न भण्डार आवश्यक मात्रामा रहेको, वाणिज्य, आपूर्ति तथा संरक्षण विभागबाट औषधी पसलहरुको अनुगमन भएको र देशभर बाट १४,९८९ सिलिण्डर भरी अस्पतालहरुलाई उपलब्ध गराइएको जानकारी प्राप्त भएको छ।

कोभिड-१९ को दोस्रो भेरिएन्टको संक्रमण रोकथाम, नियन्त्रण र उपचारका लागि विभिन्न मित्र राष्ट्रहरुबाट सहयोग स्वरूप प्राप्त भएका स्वास्थ्य उपकरण तथा सामग्रीहरुको वितरण र उपयोग प्राथमिकता अनुसार पारदर्शी तवरले गर्नु/गराउनुहुन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय हार्दिक अपिल गर्दछ।

२०७८/०२/२०

किरणराज शर्मा
प्रवक्ता

टेलिफोन : ४२११०६३, ४२११०२१, ४२११०७७, ४२११०६६
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np